# प्रभु बैंक लिमिटेड

## काठमाडौं ११, बबरमहल

## एक्काइसौं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट) विवरण

१. **सभाको बैधानिकता र सभा सञ्चालन :**

यस प्रभु बैंक लिमिटेडको मिति २०७९/०८/२१ गते बसेको सञ्चालक समितिको दुई सय एकहत्तरौं बैठकको निर्णय अनुसार बोलाइएको एक्काइसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री लिला प्रकाश सिटौलाज्यूको अध्यक्षतामा आज मिति २०७९ साल पौष १४ गते बिहीवार तदनुसार सन् २०२२ डिसेम्वर २९ तारेखका दिन बैंकको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११, बबरमहलमा बस्यो । पूर्व निर्धारित विषयहरु उपर बिहानको ९:०० बजेबाट दिनको ११:४५ बजेसम्म छलफल भई देहाय बमोजिमका काम कारवाही सम्पन्न भयो । साधारण सभाका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना पठाइएको, बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ६०.९० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल १,५६३ जना शेयरधनीहरु स्वयं तथा प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित भएकाले कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा नियमावलीको नियम २३ बमोजिम गणपूरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम उपस्थित शेयरवालाहरुले साधारण सभा बैधानिक भएको यकिन गरे पश्चात कम्पनी सचिवले सभा बैधानिक भएको कुरा अवगत गराउनुभयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र बैंकको नियमावलीको नियम १८ (३) को प्रावधान बमोजिम शेयरधनी महानुभावहरुको उपस्थितिका लागि एक्काइसौं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय तथा छलफल हुने विषयहरु सहितको विवरण खुलाई मिति २०७९/०८/२२ गते राष्ट्रियस्तरको समाचारपत्र दैनिकमा पहिलो पटक र मिति २०७९/०८/२४ गते राजधानी दैनिकमा दोश्रो पटक सूचना प्रकाशित गरिएकोमा सो सूचना र साधारण सभासँग सम्बन्धित कागजात शेयरधनीहरुको दर्ता किताबमा उल्लेखित ठेगानामा पठाइनुका साथै बैंकको वेवसाइट www.prabhubank.com मा राखिएको र सभामा उपस्थित शेयरधनीहरुले प्राप्त गर्नेगरी हाजिर पुस्तिका राखिएको स्थानबाट समेत वितरण गरिएको थियो ।

३. **छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव :**

१. आ.व.२०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७८/०७९ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको आ.व.२०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७९/०८० का लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफासमेतबाट सोही अवधिमा कायम चुक्ता पूँजी रु.१२,७०,८७,०४,१७५/- को १.५० प्रतिशतले हुने रकम रु.१९,०६,३०,५६२/६३ (रु.उन्नाईस करोड छ लाख तीस हजार पाँच सय बासट्ठी पैसा त्रिसट्ठी मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेतका लागि) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

PRABHU BANK
Head Office

(ख) विशेष प्रस्ताव :

१. बैंकको अधिकृत पूँजी रु.१२,७०,८७,०४,१७५/- लाई वृद्धि गरी रु.२४,००,००,००,०००/- (रु.चौबीस अर्ब) कायम गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफासमेतबाट सोही अवधिमा कायम चुक्ता पूँजी रु.१२,७०,८७,०४,१७५/- को ६.५० प्रतिशतले हुने रु.८२,६०,६५,७७१/३८ (रु.बयासी करोड साठी लाख पैंसठ्ठी हजार सात सय एकहत्तर पैसा अठतीस मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने तथा बोनस शेयर वितरणका कारणले बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालकहरुको भत्ता तथा सुविधा वृद्धि गर्न नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

४. प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने तथा संयुक्त प्राप्ति समितिले गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाही अनुमोदन गर्ने ।

५. प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ता श्याम कार्की एण्ड कम्पनी, चाटर्ड एकाउण्टेण्ट्सबाट प्राप्त लक्षित संस्थाको चल/अचल सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपातमा वर्तमान बजार मूल्य, संस्थाहरुको व्यवसायिक अवसर तथा भविष्यको बजार विस्तारको सम्भावना समेतका विषयहरुको आधारमा सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर प्रभु बैंक लिमिटेडको १०० कित्ता शेयर प्रदान गर्ने (Share Swap Ratio 1:1) गरी सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने ।

६. प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी अन्तिम सम्झौता स्वीकृत गर्ने तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्य प्रकृया पुरा भएको हुँदा प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी स्वीकृति प्रदान गर्ने ।

७. प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पछि अन्तिम सम्झौतापत्र अनुसार बैकको पूँजी संरचनामा परिवर्तन हुने हुँदा सो बमोजिम हुनेगरी प्रबन्धपत्रका बिभिन्न दफामा आवश्यक संशोधन, हेरफेर गर्ने ।

८. प्रबन्धपत्र, नियमावलीमा गरिने संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै संशोधन एवं परिमार्जन गर्न निर्देशन भएमा सोही बमोजिम प्रबन्धपत्र, नियमावलीका बिभिन्न दफा/नियममा आवश्यक संशोधन एवं परिमार्जन गर्न तथा प्राप्ति (एक्विजिशन) का सम्बन्धमा गर्नुपर्ने अन्य आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

९. बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिशन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

१०. बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिशन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

(ग) विविध ।

PRABHU BANK
Head Office

४. उपस्थिति :

(क) सञ्चालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री लिला प्रकाश सिटौला | अध्यक्ष |
| २. श्री रमेश सिंह खड्का | सञ्चालक |
| ३. श्री शंकर प्रसाद कालिकोटा | सञ्चालक |
| ४. श्री रामेश्वर सापकोटा | सञ्चालक |
| ५. श्री ऋषिराम गौतम | सञ्चालक |
| ६. श्री अञ्जु अधिकारी | सञ्चालक |
| ७. श्री प्रमोद घिमिरे | सञ्चालक |

(ख) उपस्थित विशेष अतिथिहरु :

| | |
|---|---|
| १. श्री देवी प्रकाश भट्टचन | पूर्व अध्यक्ष प्रभु बैंक लिमिटेड |

(ग) उपस्थित अतिथिहरु :

| | |
|---|---|
| १. प्रा.डा.श्री राम प्रसाद दाहाल | पूर्व अध्यक्ष किष्ट बैंक लिमिटेड |
| २. श्री स्वरुप गुरुङ्ग | पूर्व अध्यक्ष ग्राण्ड बैंक नेपाल लिमिटेड |
| ३. श्री निलकृष्ण ताम्राकार | पूर्व अध्यक्ष गौरीशंकर डेभलपमेण्ट बैंक लिमिटेड |
| ४. श्री अजय प्रसाद ढकाल | पूर्व अध्यक्ष जेनिथ फाइनान्स लिमिटेड |
| ५. श्री करुणा गोविन्द श्रेष्ठ | पूर्व अध्यक्ष वैभव फाइनान्स लिमिटेड |
| ६. अधिवक्ता श्री भिमसेन वन्जारा | कानूनी सल्लाहाकार |
| ७. श्री अनुप कुमार श्रेष्ठ | बाह्य लेखापरीक्षक |

(घ) उपस्थित बैंक (कम्पनी) का पदाधिकारीहरुको विवरण :

| | |
|---|---|
| १. श्री अशोक शेरचन | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री अमित भण्डारी | कम्पनी सचिव |

(ङ) उपस्थिति पर्यवेक्षक/प्रतिनिधिहरुको विवरण :

| | |
|---|---|
| १. श्री अर्जुन खड्का | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री नविन कुमार भट्टराई | कम्पनी रजिष्ट्रारको कार्यालय |

५. गणपूरक संख्या प्रतिशत :

| | |
|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या | १२,७०,८७,०४१.७५ |
| शेयरधनीहरुको कुल संख्या | १,५३,२५४ |
| संस्थापक शेयरधनीहरुको संख्या | ७६८ |
| सर्वसाधारण शेयरधनीहरुको संख्या | १,५२,४८६ |
| स्वयम् उपस्थित शेयरधनीहरुको संख्या | १,३८६ |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको संख्या | १७७ |
| कुल उपस्थित शेयरधनीहरुको संख्या | १,५६३ |

Prabhu Bank
Head Office

| | |
|---|---|
| स्वयं उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | ३,६७,६५,५७४ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | ४,०६,२७,०६७ |
| कुल प्रतिनिधित्व भएको शेयर संख्या | ७,७३,९२,६४१ |
| शेयरधनीहरुले प्रतिनिधित्व गरेको शेयरको प्रतिशत | ६०.९० प्रतिशत |

६. **सभा सञ्चालन :**

(क) उद्घोषक कम्पनी सचिवले सभालाई बैधानिकता प्रदान गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम साधारण सभाको सभापतित्व गर्न सञ्चालक समितिका अध्यक्ष श्री लिला प्रकाश सिटौलाज्यूलाई अनुरोध गर्नु भयो ।

(ख) सञ्चालक समितिका अध्यक्षज्य एवं सभाका सभापतिज्यूले साधारण सभामा उपस्थित बैंकका सञ्चालकहरु, आमन्त्रित विशेष अतिथि तथा अतिथिहरु, बिभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/ प्रतिनिधीहरु, साधारण सभामा सहभागी हुनु भएका संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, बैंकका प्रमुख कार्यकारी अधिकृतले आसन ग्रहण गरे पश्चात पूर्व निर्धारित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि साधारण सभा सञ्चालन गर्न कम्पनी सचिवलाई अनुमति प्रदान गर्नु भयो ।

७. **प्रमुख कार्यकारी अधिकृतबाट स्वागत मन्तव्य :**

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अशोक शेरचनले एक्काइसौं वार्षिक साधारण सभाका सभापति एवं सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, विषेश अतिथि, अतिथि, साधारण सभामा उपस्थित हुनुभएका संस्थापक एवं सर्वसाधारण शेयरधनी महानुभावहरु, बिभिन्न निकायबाट उपस्थित पर्यवेक्षक तथा प्रतिनिधिहरु, पत्रकार तथा बैंकका कर्मचारीबर्गलाई स्वागत गर्दै कोभिड - १९ को कारणले सम्पूर्ण विश्व अर्थतन्त्रनै ठुलो मारमा परेको र त्यसबाट सिर्जित नकारात्कम असरबाट नेपाली अर्थतन्त्र पनि अछुतो नरहेको अवस्थामासमेत बैंकलाई केही मात्रामा भएपनि सुधारोन्मुख दिशातर्फ अगाडी बढाउन सफल भएको, वर्षको सुरुवातसँगै बैंकिङ्ग क्षेत्रले भोग्नु परेको तरलता अभावको समस्याका साथै रुस तथा युक्रेनबीच चलेको युद्धका कारणले गर्दा विश्वव्यापीरुपमा वितरण प्रणाली, उत्पादनमूलक एवं पर्यटन उद्योग लगायतका क्षेत्रले भोग्नु परेको समस्याका कारणले गर्दा विश्वव्यापीरुपमै आर्थिक गतिविधिमा आएको संकुचनका कारणले गर्दा बैंकले उल्लेखनिय प्रगति हासिल गर्न नसकेको भएतापनि बिभिन्न सूचकाङ्कहरुका आधारमा प्रगती हासिल गर्दै अगाडी बढिरहेको, बिभिन्न किसिमका अप्ठ्यारा तथा चुनौतिहरु पार गर्दै बैंकलाई वर्तमान अवस्थामा ल्याई पुऱ्याईएकोमा आगामी दिनमा बैंकबाट प्रवाह गरिने सेवा तथा सुविधाहरु विस्तार गरिने, सुरक्षाको दृष्टिकोणबाट थप सुदृढ बनाउँदै लगिने जानकारी गराउँदै मिति २०७९/०९/१३ गतेसम्मको बैंकको निक्षेप रु.१७६ अर्ब, कर्जा लगानी रु.१५६ अर्ब, खाता संख्या २० लाख र कर्जा ग्राहक संख्या २९ हजार रहेको, देशकै अग्लो स्थान डोल्पाको साल्दाङ र मुस्ताङको लोमान्थाङ लगायत देशका अन्य बिभिन्न दुर्गम स्थानमासमेत बैंकले शाखा विस्तार गरी आफ्नो सेवा प्रदान गरिरहेकाले त्यस्ता क्षेत्रका बासिन्दाहरुसमेत प्रभु बैंक लिमिटेडबाट प्रदान गरिएको बैंकिङ्ग सेवामा जोडिन गएकाले देशको अर्थतन्त्रलाई चलायमान बनाउन प्रभु बैंक लिमिटेडको योगदान रहेको स्मरण गराउँदै वर्तमान विषम परिस्थितमा निक्षेप तथा कर्जा लगानीलाई संतुलितरुपमा अघि बढाएको तथ्य प्रकाश पार्दै अघिल्लो आर्थिक वर्ष देशका बिभिन्न स्थानमा ३ वटा शाखा र ३ वटा एक्सटेण्सन काउण्टर थप गरिएको जानकारी गराउँदै नेपालको अर्थतन्त्रको आकार बढिरहेको र अन्तर्राष्ट्रिय संस्थाहरुलेसमेत नेपालको अर्थतन्त्रमा चासो देखाउन थालेका हुनाले सवल पूँजी तथा विस्तारित व्यवसाय भएको बैंक बन्ने लक्ष्यकासाथ नेपाल सरकारले वित्त नीति मार्फत तथा नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत मर्जर तथा प्राप्ति (एक्विजिशन) गर्न प्रोत्साहन गरेको तथ्यलाई आत्मसात गरी सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको १०० कित्ता शेयर बरावर प्रभु बैंक लिमिटेडको १०० कित्ता शेयर अर्थात शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक बराबर एक) प्रदान गर्नेगरी प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रिया अघि बढाईएको व्यहोरा अवगत गराउँदै शेयरधनीहरुबाट प्राप्त हुने अमुल्य सुझावलाई यथासंभव कार्यान्वयन गर्दै लगिने प्रतिवद्धतासहित आ.व.२०७८/०७९ को मुनाफासमेतबाट सोही अवधिमा कायम चुक्ता पूँजीको

PRABHU BANK
Head Office

६.५० प्रतिशत बोनस शेयर तथा १.५० प्रतिशत नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेतका लागि) वितरण गर्ने लगायतका मूख्य प्रस्ताव स्वीकृतिका लागि गरिमामय एक्काइसौं वार्षिक साधारण सभा समक्ष पेश गरिएकोमा सभामा भाग लिने सम्पूर्ण व्यक्तिहरुलाई पुनः स्वागत गर्दै वार्षिक साधारण सभा भव्यरुपमा सफल पार्न अनुरोध गर्नु भयो ।

८. **शुभकामना मन्तव्य :**

(क) **अतिथि प्रा.डा.श्री राम प्रसाद दाहालबाट शुभकामना मन्तव्य :**

साविक किष्ट बैंक लिमिटेडका अध्यक्ष तथा बैंकका शेयरधनी प्रा.डा. श्री राम प्रसाद दाहालले प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर प्रभु बैंक लिमिटेडको १०० कित्ता शेयर अर्थात शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक बराबर एक) प्रदान गर्नेगरी सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने र आ.व.२०७८/०७९ को मुनाफासमेतबाट सोही अवधिमा कायम चुक्ता पूँजीको ६.५० प्रतिशत बोनस शेयर र १.५० प्रतिशत नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेतका लागि) वितरण गर्ने लगायतका मूख्य प्रस्तावसहित आव्हान गरिएको एक्काइसौं वार्षिक साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो ।

(ख) **विशेष अतिथि माननिय सांसद श्री देवी प्रकाश भट्टचनबाट शुभकामना मन्तव्य :**

यस बैंकका पूर्व अध्यक्ष एवं संस्थापक शेयरधनी माननिय सांसद श्री देवी प्रकाश भट्टचनले मर्जर तथा प्राप्ति (एक्विजिशन) को महत्व र यसले बैंकिङ्ग व्यवसायलाई पार्ने प्रभावकाबारेमा प्रकाश पार्दै सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर प्रभु बैंक लिमिटेडको १०० कित्ता शेयर अर्थात शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक बराबर एक) प्रदान गर्नेगरी सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने र आ.व.२०७८/०७९ को मुनाफासमेतबाट सोही अवधिमा कायम चुक्ता पूँजीको ६.५० प्रतिशत बोनस शेयर र १.५० प्रतिशत नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेतका लागि) वितरण गर्ने लगायतका मूख्य प्रस्तावसहित आव्हान गरिएको एक्काइसौं वार्षिक साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो ।

९. **सभामा प्रस्तावहरुको प्रस्तुति :**

(क) सभामा सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूले बैंकको आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

(ख) सभामा उद्घोषण गरिरहनु भएका कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूको आदेश बमोजिम शेयरधनी महानुभावहरुलाई माथि ३ नंबरमा उल्लेखित छलफलका विषयहरु उपर छलफल गरी निर्णय गर्न फ्लोर (Floor) खुला गरेको जानकारी गराउँदै छलफलको कार्यक्रम अघि बढाउन अनुरोध गर्नु भयो ।

१०. **शेयरधनीहरुबाट सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य :**

सञ्चालक समितिका अध्यक्ष तथा यस सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुति पश्चात सभामा प्रस्तुत अन्य प्रस्तावहरु उपर छलफल गर्न शेयरधनीहरु श्री सत्रुघन श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री नरसिंह लाल चँखू, श्री चन्द्र नारायण श्रेष्ठ, वरिष्ठ अधिवक्ता श्री अशोक उप्रेती, श्री गुणराज भट्ट, मेजर श्री कुवेर श्रेष्ठ, श्री सुदिप श्रेष्ठ, श्री उत्तमदत्त पाण्डे, वरिष्ठ अधिवक्ता श्री पूण्य प्रसाद अर्याल, श्री व्यास कुमार शर्मा, श्री भक्ति प्रसाद उप्रेती, श्री डम्मरु बल्लभ घिमिरे, श्री शिब प्रसाद पौडेल र श्री लभराज जोशीसमेत १५ जनाले स्यवं उपस्थित भई तथा शेयरधनीहरु श्री कृष्ण प्रसाद अधिकारी, श्री बैजुनाथ रौनियार र श्री सुनिता भट्टराईसमेत ३ जनाले लिखितरुपमा बैंकका अध्यक्ष, सञ्चालक, विशेष अतिथि तथा अतिथि, नियमनकारी निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधि, बैंकका प्रमुख कार्यकारी अधिककृत लगायतका कर्मचारी र साधारण सभामा उपस्थित शेयरधनी लगायतका

Prabhu Bank
Head Office

व्यक्तिहरुलाई धन्यवाद प्रदान गर्दै एक्काइसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना सहित आ-आफ्नो राय सुझाव, जिज्ञासा सहितका मन्तव्य व्यक्त गर्नु भयो ।

बिभिन्न बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिएर बनेको यस बैंकको एक्काइसौं वार्षिक साधारण सभा प्रचलित कम्पनी ऐन तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले निर्धारण गरेको समयावधिभित्र आव्हान गरेकामा धन्यवाद प्रदान गर्दै विगतका वर्षहरुमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारी र युक्रेन तथा रुसको युद्धका कारण मूल्य एवम् बाह्य क्षेत्र स्थायित्वमा देखिएको दबाब र लगानीयोग्य श्रोतमा आएको संकुचनका कारण विश्व अर्थतन्त्रलेनै प्रतिकुल परिस्थितीको सामना गरिरहेको अवस्थामासमेत बैंकका बिभिन्न सुचकाङ्कहरुमा सुधार भएको देखिएकाले बैंक मजवुतरुपमा स्थापित हुँदै गएकोमा आभार व्यक्त गर्दै बैंकिङ्ग क्षेत्रले व्यहोरिरहेको प्रतिकुल परिस्थीतिका बावजुदपनि यस बैंकले आ.व.२०७८/०७९ को मुनाफासमेतबाट ६.५० प्रतिशतले हुने रकम बराबरको वोनश शेयर तथा १.५० प्रतिशतले हुने नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेतका लागि) वितरण गर्न लागेकोमा धन्यवाद प्रदान गर्दै आगामी वर्षदेखि बोनस बढाउनेतर्फ ध्यान दिनुपर्ने, Cost of Fund बढिरहेको देखिएकोमा त्यसलाई घटाउन ध्यान दिंदै गैर ब्याज आम्दानी वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउन, बैंकको निष्कृय कर्जा (Non Performing Loan) घटिरहेको भएतापनि अझै घटाउनका लागि विशेष ध्यान दिनुपर्ने, खुद ब्याज आम्दानी (Net Interest Income) तथा साधारण जगेडा कोष (General Reserve) अझ वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउनका लागि बैंक व्यवस्थापन एवं सञ्चालक समितिलाई ध्यानाकर्षण गराउँदै प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेपश्चात प्रभु बैंक लिमिटेडको पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास भई व्यापार तथा लगानीको अवसर वृद्धि भई बजार विस्तारको संभावना हुने र संभावित वित्तीय जोखिम न्यूनिकरण गर्ने अवस्था रहने, शाखा सञ्जाल बढ्ने भएकाले शाखाहरुको कारोवार बढाई नाफामूखी बनाउन प्रयास गर्नुपर्ने, शाखाहरुको सुशासनलाई विशेष ध्यान दिंदै वासलात बाहिरको कारोवारबाट उल्लेखनिय आम्दानी गरेको भएतापनि त्यसलाई अझै वृद्धि गरी नाफा बढाउन ध्यान दिनुपर्ने, कर्मचारी खर्च र अन्य सञ्चालन खर्चमा वृद्धि भएको देखिएकाले उक्त खर्च नियन्त्रण गरी नाफा वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउनु पर्ने, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न किसिमका काम गरिरहेकोमा त्यसलाई निरन्तरता दिंदै आगामी दिनमा त्यस्ता कार्य गर्दा बैंकको Branding का लागि उपयोग गर्न ध्यान पुऱ्याउनु पर्ने, बैंकले सकार गरेका गैर बैंकिङ्ग सम्पत्ति बिक्री गरी नाफा वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने, बैंकले बिभिन्न समयमा अपलेखन (Write Off) गरेका कर्जा असुल उपर गर्न विषेश ध्यान दिनुपर्ने, उठ्न बाँकी रहेका ब्याज उठाउन विशेष पहल गर्नुपर्ने, बैंकका गतिविधीहरु समयमै वेवसाइटमा राख्ने व्यवस्था मिलाउन र साधारण सभाबाट पारित बोनस शेयर समयमै सूचीकरण गर्ने व्यवस्था मिलाउन सुझाव दिनु भयो ।

गैर कोषमा आधारित कारोवार, विदेशी विनिमय र विप्रेषण सम्बन्धी कारोबार अझै वृद्धि गरी नाफा बढाउन ध्यान दिनुपर्ने, बैंकको आकार ठुलो भएकाले संस्थागत सुशासनतर्फ विशेष ध्यान दिनुपर्ने र प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने विशेष प्रस्ताव पेश गरेकोमा सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने कार्य चाँडै सम्पन्न गरी संयुक्त कारोबार शुरु गर्न सुझाव दिंदै एक्काइसौं वार्षिक साधारण सभाको सफलताको कामना गर्नु भयो ।

११. **सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य उपर अध्यक्षज्यूको जवाफ :**

बिभिन्न बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिएर बनेको यस बैंकले प्रचलित कम्पनी ऐन तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले निर्धारण गरेको समयावधिभित्रै आव्हान गरिएको एक्काइसौं वार्षिक साधारण सभामा १५ जना स्यवं उपस्थित भई तथा ३ जना शेयरधनीहरुले लिखितरुपमा आफ्नो राय सुझाव, जिज्ञासा सहितका मन्तव्य व्यक्त गर्नु भएको, केही शेयरधनीहरुले बैंकका सूचकाङ्कका सम्बन्धमा धारणा व्यक्त गर्नु भएको र अधिकांश शेयरधनी महानुभावहरुले साधारण सभा दशैं अगाडीनै सम्पन्न गर्न तथा बैंकले वितरण गर्ने लाभांश प्रतिशत बढाउनु पर्ने जस्ता सुझाव प्रस्तुत गर्नु भएको, त्यसैगरी प्रभु बैंक लिमिटेडले आफ्नो ब्राण्डलाई जोगाउँदै उचित समयमा सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न लागेको र शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) समेत उपयुक्त भएको

PRABHU BANK Head Office

धारणा व्यक्त गरेकामा आफूलाई खुशी लागेको विचार व्यक्त गर्दै सक्रियरुपमा साधारण सभामा भाग लिई मन्तव्य व्यक्त गर्ने शेयरधनी महानुभावहरुलाई धन्यवाद प्रदान गर्नु भयो । नेपाल राष्ट्र बैंकको नीतिलाई आत्मसात गर्दै उपयुक्त समयमा सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न लागिएको जसले गर्दा Capital Adiquaicy मा सुधार हुने भएको र बैंकको प्रतिस्पर्धात्मक क्षमतासमेत बृद्धि हुने भएको व्यहोरा अवगत गराउँदै आगामी दिनमा बैंकले गर्ने खर्च घटाउन बिभिन्न उपाय अवलम्वन गर्दै आम्दानी वृद्धि गर्नेतर्फ विशेष पहल गरी प्रतिस्पर्धात्मक वातावरणमासमेत अब्बल बैंकको रुपमा प्रस्तुत हुन सञ्चालक समिति र बैंक व्यवस्थापन सदैव प्रयत्नरत रहने विश्वास व्यक्त गर्नु भयो । सम्पूर्ण विश्व अर्थतन्त्रनै आर्थिकरुपमा ठूलो मारमा परेको प्रतिकुल परिस्थीतिमासमेत बैंकले करिब ११ प्रतिशत अतिरिक्त सम्पत्ति सृजना गरेको सकारात्मक पक्ष रहेको तथ्यमाथि प्रकाश पार्दै आगामी केही वर्ष रुस तथा युक्रेनबीच चलेको युद्धका प्रभावले विश्वव्यापीरुपमा तरलता अभाव जारी रहने संभावना व्यक्त गर्नु भयो । सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेपश्चात बैंकको आकारसमेत बढ्ने भएको कारणले बैंकको मानव संशाधन रणनीति तथा व्यवस्थापन सम्बन्धी रणनीति सुधार गर्दै विद्यमान रणनीतिक योजना परिवर्तन गरी नयाँ रणनीतिक योजना लागू गरी अगाडी बढ्ने, Cost of Fund घटाउन ध्यान दिँदै गैर ब्याज आम्दानी वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउने, निष्कृय कर्जा (Non Performing Loan) घटिरहेको भएतापनि अझै घटाउनका लागि विशेष ध्यान दिईने, खुद ब्याज आम्दानी (Net Interest Income) तथा साधारण जगेडा कोष (General Reserve) अझ वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउने, शाखाहरुको कारोवार बढाई नाफामूखी बनाउन प्रयास गरिने, शाखाहरुको सुशासनलाई विशेष ध्यान दिईने, वासलात बाहिरको कारोवारबाट आम्दानी वृद्धि गरी नाफा बढाउन ध्यान दिईने, कर्मचारी खर्च र अन्य सञ्चालन खर्च नियन्त्रण गरी नाफा वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउने, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न किसिमका काम गरिरहेकोमा त्यसलाई निरन्तरता दिँदै आगामी दिनमा त्यस्ता कार्य गर्दा बैंकको Branding का लागि उपयोग गर्न ध्यान पुऱ्याउने, बैंकले सकार गरेका गैर बैंकिङ्ग सम्पत्ति बिक्री गरी नाफा वृद्धि गर्नेतर्फ ध्यान दिईने बताउँदै बिभिन्न समयमा अपलेखन (Write Off) गरिएका कर्जा असुल उपर गर्न विषेश ध्यान दिइएको, बैंकका गतिविधिहरु समयमै वेवसाइटमा राख्ने व्यवस्था मिलाईएको, साधारण सभाबाट पारित बोनस शेयर समयमै सूचीकरण गरिने र प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने कार्य चाँडै सम्पन्न गरी संयुक्त कारोवार गरिने जानकारी गराउनु भयो । साथै शेयरधनीहरुबाट प्राप्त हुन आएका अन्य अमूल्य सुझावहरुलाई आगामी दिनमा यथासंभव कार्यान्वयन गरिने व्यहोरा समेत जानकारी गराउनु भयो ।

१२. **साधारण सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव तर्फ :**

१. आ.व.२०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७८/०७९ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको आ.व.२०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७९/०८० का लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम बैंकको आ.व.२०७९/०८० को लेखापरीक्षण गर्न बि.आर.एस. न्यौपाने एण्ड कम्पनी, नक्साल काठमाडौंका

Prabhu Bank
Head Office

चार्टर्ड एकाउण्टेण्ट्स श्री अनुप कुमार श्रेष्ठलाई लेखापरीक्षण शुल्क मूल्य अभिवृद्धि कर बाहेक रु.१५,५०,०००/- (रु.पन्ध लाख पचास हजार मात्र) र अन्य खर्च देहाय बमोजिम प्रदान गर्नेगरी नियुक्त गर्ने निर्णय गरियो ।

अन्य खर्च :

अ. हवाई टिकट/यातायात : बैंक आफैले प्रदान गर्ने वा लेखापरीक्षकले बोर्डिङ पास सहित हवाई टिकटको बील/यातायातको बील पेश गरेपश्चात सोधभर्ना गर्ने ।

आ. उपत्यका भित्रका शाखा/कार्यालयको लेखापरीक्षणमा संलग्न अडिट फर्मका कर्मचारीलाई प्रतिदिन खाजा बापत मुल्य अभिवृद्धि करसमेत रु.३००/- उपलब्ध गराउने ।

इ. उपत्यका बाहिरका शाखा/कार्यालयको लेखापरीक्षण गर्दा देहाय बमोजिम हुनेगरी भ्रमण भत्ता उपलब्ध गराउने ।

क. फर्मका प्रिन्सिपल वा पार्टनरलाई प्रतिदिन मुल्य अभिवृद्धि करसमेत रु.७,५००/-

ख. चार्टर्ड एकाउन्टेण्ट वा टोली प्रमुखलाई प्रतिदिन मुल्य अभिबवृद्धि करसमेत रु.७,०००/-

ग. चार्टर्ड एकाउन्टेण्ट वा टोली प्रमुख बाहेक अन्य सदस्यलाई प्रतिदिन मुल्य अभिवृद्धि करसमेत रु.६,०००/-

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफासमेतबाट सोही अवधिमा कायम चुक्ता पूँजी रु.१२,७०,८७,०४,१७५/- को १.५० प्रतिशतले हुने रकम रु.१९,०६,३०,५६२/६३ (रु.उन्नाईस करोड छ लाख तीस हजार पाँच सय बासठ्ठी पैसा त्रिसठ्ठी मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेतका लागि) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(ख) विशेष प्रस्ताव :

१. बैंकको अधिकृत पूँजी रु.१२,७०,८७,०४,१७५/- लाई वृद्धि गरी रु.२४,००,००,००,०००/- (रु.चौबीस अर्ब) कायम गर्ने प्रस्ताव उपर छलफल गरी बैंकको अधिकृत पूँजी वृद्धि गरी रु.२४,००,००,००,०००/- (रु.चौबीस अर्ब) कायम गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो साथै अधिकृत पूँजी वृद्धि गर्न प्रबन्धपत्रको दफा ६ को खण्ड (क) मा देहाय बमोजिम हुनेगरी संशोधन गर्ने निर्णय गरियो ।

प्रबन्धपत्रको दफा ६ को खण्ड (क) मा गरिएको संशोधन :

६ (क) बैंकको अधिकृत पूँजी रु.२४,००,००,००,०००/- (रु.चौबीस अर्ब) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २४,००,००,००० थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफासमेतबाट सोही अवधिमा कायम चुक्ता पूँजी रु.१२,७०,८७,०४,१७५/- को ६.५० प्रतिशतले हुने रु.८२,६०,६५,७७१/३८ (रु.बयासी करोड साठी लाख पैंसठ्ठी हजार सात सय एकहत्तर पैसा अठतीस मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने तथा बोनस शेयर वितरणका कारणले बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव उपर छलफल गरी आ.व.२०७८/०७९ मा कायम चुक्ता पूँजीको ६.५० प्रतिशतले हुने रु.८२,६०,६५,७७१/३८ (रु.बयासी करोड साठी लाख पैंसठ्ठी हजार सात सय एकहत्तर पैसा अठतीस मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने तथा बोनस शेयर वितरणका कारणले बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको दफा ६ को खण्ड (ख) र (ग) मा देहाय बमोजिम हुनेगरी संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

PRABHU BANK
Head Office

**प्रबन्धपत्रको दफा ६ को खण्ड (ख) र (ग) मा गरिने संशोधन** :

६ (ख) बैंकको तत्काल जारी पूँजी रु.१३,५३,४७,६९,९४६/- (रु.तेह्र अर्ब त्रिपन्न करोड सत्चालीस लाख उनान्सत्तरी हजार नौ सय छयालीस) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १३,५३,४७,६९९.४६ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी रु.१३,५३,४७,६९,९४६/- (रु.तेह्र अर्ब त्रिपन्न करोड सत्चालीस लाख उनान्सत्तरी हजार नौ सय छयालीस) हुनेछ ।

३. सञ्चालकहरुको भत्ता तथा सुविधा वृद्धि गर्न नियमावलीमा संशोधन गर्ने सम्बन्धमा छलफल गरी सञ्चालकहरुको भत्ता तथा सुविधा देहाय बमोजिम हुने गरी वृद्धि गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

सञ्चालकहरुको भत्ता तथा सुविधा वृद्धि गर्ने प्रस्ताव पारित भएकाले नियमावलीको नियम ३२ को उपनियम (१) को खण्ड (ख), (ग) र (घ) मा देहाय बमोजिम हुनेगरी संशोधन गर्ने निर्णय गरियो ।

**नियमावलीको नियम ३२ को उपनियम (१) को खण्ड (ख) को (अ) (आ) र (इ) मा गरिने संशोधन** :

३२ (१) (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भएबापत अध्यक्ष र सञ्चालकले पाउने प्रति बैठक भत्ता निम्न बमोजिम हुनेछ ।

(अ) अध्यक्षले प्रति बैठक भत्ता रु.२२,०००/-

(आ) सञ्चालकले प्रति बैठक भत्ता रु.१८,०००/-

(इ) टेलिफोन, मोबाइल तथा पत्रपत्रिका खर्च बापत अध्यक्षलाई मासिक रु.१६,०००/- र सञ्चालकलाई रु.१४,०००/- प्रदान गरिनेछ ।

४. प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने तथा संयुक्त प्राप्ति समितिले गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाही अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने तथा संयुक्त प्राप्ति समितिले गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाही सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

५. प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ता श्याम कार्की एण्ड कम्पनी, चाटर्ड एकाउण्टेण्ट्सबाट प्राप्त लक्षित संस्थाको चल/अचल सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपातमा वर्तमान बजार मूल्य, संस्थाहरुको व्यवसायिक अवसर तथा भविष्यको बजार विस्तारको सम्भावना समेतका विषयहरुको आधारमा सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर प्रभु बैंक लिमिटेडको १०० कित्ता शेयर प्रदान गर्ने (Share Swap Ratio 1:1) गरी सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ता श्याम कार्की एण्ड कम्पनी, चाटर्ड एकाउण्टेण्ट्सबाट प्राप्त लक्षित संस्थाको चल/अचल सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपातमा वर्तमान बजार मूल्य, संस्थाहरुको व्यवसायिक अवसर तथा भविष्यको बजार विस्तारको सम्भावना समेतका विषयहरुको आधारमा सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर प्रभु बैंक लिमिटेडको १०० कित्ता शेयर प्रदान गर्ने

Prabhu Bank
Head Office

(Share Swap Ratio 1:1) गरी सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

६. प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी अन्तिम सम्झौता स्वीकृत गर्ने तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्य प्रकृया पुरा भएको हुँदा प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी स्वीकृति प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसनं) गर्ने सम्बन्धी अन्तिम सम्झौता स्वीकृत गर्ने तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्य प्रकृया पुरा भएको हुँदा प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

७. प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पछि अन्तिम सम्झौतापत्र अनुसार बैकको पूँजी संरचनामा परिवर्तन हुने हुँदा सो बमोजिम हुनेगरी प्रबन्धपत्रका बिभिन्न दफामा आवश्यक संशोधन, हेरफेर गर्ने प्रस्ताव उपर छलफल गरी प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेपछि अन्तिम सम्झौतापत्र अनुसार बैकको पूँजी संरचनामा परिवर्तन हुने हुँदा सो बमोजिम हुनेगरी प्रबन्धपत्रका बिभिन्न दफामा देहाय बमोजिम आवश्यक संशोधन, हेरफेर गर्ने निर्णय गरियो ।

<u>**प्रबन्धपत्रको दफा ६ को खण्ड (क), (ख) र (ग) मा गरिएको संशोधन**</u> :

६ (क) बैंकको अधिकृत पूँजी रु.२४,००,००,००,०००/- (रु.चौबीस अर्ब) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २४,००,००,००० थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

(ख) बैंकको तत्काल जारी पूँजी रु.२३,५४,२४,८९,८३२/२१ (रु.तेइस अर्ब चौबन्न करोड चौबीस लाख उनान्नब्बे हजार आठ सय बत्तीस पैसा एक्काइस) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २३,५४,२४,८९८.३२ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी रु.२३,५४,२४,८९,८३२/२१ (रु.तेइस अर्ब चौबन्न करोड चौबीस लाख उनान्नब्बे हजार आठ सय बत्तीस पैसा एक्काइस) हुनेछ ।

८. प्रबन्धपत्र, नियमावलीमा गरिने संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै संशोधन एवं परिमार्जन गर्न निर्देशन भएमा सोही बमोजिम प्रबन्धपत्र, नियमावलीका बिभिन्न दफा/नियममा आवश्यक संशोधन एवं परिमार्जन गर्न तथा प्राप्ति (एक्विजिशन) का सम्बन्धमा गर्नुपर्ने अन्य आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी प्रबन्धपत्र, नियमावलीमा गरिने संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै संशोधन एवं परिमार्जन गर्न निर्देशन भएमा सोही बमोजिम प्रबन्धपत्र, नियमावलीका बिभिन्न दफा/नियममा आवश्यक संशोधन एवं परिमार्जन गर्न तथा प्राप्ति (एक्विजिशन) का सम्बन्धमा गर्नुपर्ने अन्य आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

९. बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिशन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिशन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

१०. बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने,

Prabhu Bank
Head Office

प्राप्ति (एक्विजिशन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिशन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(ग) **विविध** ।

१३. सभाको अन्त्यमा अध्यक्षज्यूले सञ्चालक समितिका पदाधिकारी, संस्थापक तथा सर्वसाधारण शेयरधनी, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, ग्राहकवर्ग, बैकका शुभचिन्तक लगायत उपस्थित विशेष अतिथि तथा अतिथिहरुप्रति आभार व्यक्त गर्दै एक्काइसौं वार्षिक साधारण सभामा सहभागी भई आफ्ना प्रश्न, जिज्ञासा तथा अमूल्य सुझाव प्रस्तुत गरी सौहार्दपूर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गर्नुहुने शेयरधनी महानुभावहरु, कम्पनी रजिष्ट्रारको कार्यालयबाट उपस्थित पर्यवेक्षक, कानूनी सल्लाहाकार, बाह्य लेखापरीक्षक, पत्रकार तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिंदै एक्काइसौं वार्षिक साधारण सभा समापन गर्नु भयो ।

अमित भण्डारी
कम्पनी सचिव
मिति : २०७९/०९/१४

लिला प्रकाश सिटौला
अध्यक्ष

Prabhu Bank
Head Office